"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

## नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्या:६७/०८२।०८३

बैठक मितिः२०८२।०८।२१ बिहान ८:०० बजे

स्थानः खाँदबारी नगरपालिकाको सभा हल

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरू सर्वसम्मत रूपमा पारित गरेको छ।**

**प्रस्तावहरुः**

१. गत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।

२. प्रमुख प्रशासकीय अधिकृत श्री पदम प्रसाद बजगाईंज्यूको हजुरआमाको निधन प्रति श्रद्धाञ्जली तथा समवेदना सम्बन्धमा

३. व्यक्तिगत बिरामीका लागि आर्थिक सहायता सम्बन्धमा।

४. पुराना भवन (घरनक्सा) संरचनाका लागि अभिलेखीकरण सम्बन्धमा।

५. जग्गा वर्गीकरण संसोधनका लागि पेस भएका निवेदन अनुमोदन सम्बन्धमा।

६. अँधेरी काभ्रे सामुदायिक वनको वार्षिक कार्ययोजना स्वीकृत सम्बन्धमा।

७. नेपाल मानव धर्म सेवा समितिको आश्रम निर्माणका लागि आर्थिक सहयोग सम्बन्धमा।

८. शिवशक्ति पीठ चारधारा धार्मिक संस्थालाई आर्थिक सहयोग (उपमेयर विविध कार्यक्रमबाट) सम्बन्धमा।

९. लक्ष्मी मिनि मार्केटका लागि आर्थिक सहयोग (उपमेयर विविध कार्यक्रमबाट) सम्बन्धमा।

१०. सरसफाई शुल्क सम्बन्धमा।

११. कानुन मस्यौदा समिति गठन सम्बन्धमा।

१२. जिल्ला फुटवल क्लब, सङ्खुवासभालाई आर्थिक सहयोग गर्ने सम्बन्धमा।

१३. आ.व. २०८१।०८२ मा सञ्चालन भएका योजनाहरूको म्याद थप गरी भुक्तानी गर्ने सम्बन्धमा।

१४. खाँदबारी नगरपालिका वडा नं. ३ मा स्वीमिङ्ग पुल निर्माण सम्बन्धमा।

१५. वहुवर्षे योजनाका लागि सिफारिस गर्ने सम्बन्धमा।

१६. भवन मर्मत सम्भार गर्ने सम्बन्धमा।

१७. खा.न.पा.-५ मा रहेको सिद्देश्वर शिवालय मन्दिर परिसर तथा आसपासका क्षेत्रमा पूर्वाधार निर्माण उपभोक्ता समिति मार्फत गर्ने सम्बन्धमा।

१८. आर्थिक सहयोग सम्बन्धमा।

**निर्णयहरू**

१. खाँदबारी नगरपालिकाको गत कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयन कार्यान्वयन अवस्था सन्तोषजनक रहेको साथै बाँकी निर्णयहरू कार्यान्वयन गर्दै लैजाने।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

## खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

## नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्या:६७/०८२।०८३
बैठक मिति:२०८२।०८।२१ बिहान ८:०० बजे
स्थान: खाँदबारी नगरपालिकाको सभा हल

२. खाँदबारी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री पदम प्रसाद बजगाईँको हजुरआमा मिति २०८२।०८।१३ मा देहवसानले खाँदबारी नगरपालिका परिवार स्तब्ध भएको छ। यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनि हार्दिक समवेदना व्यक्त गर्दछौ।

३. खाँदबारी नगरपालिकामा पेस भएका आर्थिक सहायता सम्बन्धी तपसिलका व्यक्तिगत सहयोग अनुमोदन गर्ने।

| क्र.सं. | सहायता प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | सुकिया महतो | खा.न.पा.-८ | १५००० |
| २ | अलक बहादुर विश्वकर्मा | खा.न.पा.-८ | २०००० |
| ३ | तर्क बहादुर विश्वकर्मा | खा.न.पा.-८ | २०००० |
| ४ | दिनेश घिमिरे | खा.न.पा.-५ | २०००० |
| | | जम्मा | ७५००० |

४. खाँदबारी नगरपालिका क्षेत्रमा नक्सापास बिना बनेका पुराना घरहरूलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४२ बमोजिम र खाँदबारी नगरपालिकाको घरनक्सा अभिलेखीकरण सम्बन्धी कार्यविधि, बमोजिम अभिलेखीकरणका लागि सूचना प्रकाशन गर्ने।

५. खाँदबारी नगरपालिकामा जग्गा वर्गीकरण संशोधनका लागि पेस भएका हालसम्मका तपसिलका कित्ता नं र क्षेत्रफलका जग्गाहरूको संशोधनहरूलाई अनुमोदन गर्ने।

तपसिल:

| क्र.सं. | जग्गाधनीको नाम | ठेगाना | कित्ता नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | जुनमाया राई | खा.न.पा-१ | ४३८८ | २००६ | |
| | | | ६२० | २१४१०.२ | |
| | | | ६२१ | २१०९ | |
| | | | ६२२ | १०५८ | |
| | | | ६२५ | ३४४११.९ | |
| | | | ८२५ | १०३१.६ | |
| | | | ८२६ | ३१५२३ | |
| २ | खड्ग बहादुर गुरुङ्ग | खा.न.पा.-३ | २५७ | १०४० | |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद बजगाईं
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ६८४ | १८८० | |
| | | | ६८६ | १० | |
| | | | ८११ | ५५८० | |
| ३ | कोपिला नेपाली | खा.न.पा.-४ | ११६९ | २६० | |
| ४ | खड्ग बहादुर गुरुङ्ग | खा.न.पा.-७ | १११३ | १७५३ | |
| ५ | ईन्द्र बहादुर कुसुले | खा.न.पा.-७ | १०५८ | ९३०.५ | |
| | | | २४४१ | ६१०.७ | |
| | | | २४४५ | १५२३.६ | |
| | | | ४१७५ | ३१३१३.७ | |
| ६ | जसमाया थापा | खा.न.पा.-८ | १८२१ | १७१६.५ | |
| ७ | मनेश्वर खत्री | खा.न.पा.-९ | ४२८७ | ७०२ | |
| | | | ४२८८ | ३९८ | |

६. खाँदबारी नगरपालिका वडा नं. १० को श्री अधेरी काभ्रे सामुदायिक वन उपभोक्ता समुहबाट वार्षिक कार्ययोजना स्वीकृतका लागि माग भएको हुनाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ (केहि नेपाल ऐन संसोधन गर्ने ऐन, २०७५ द्वारा समेत) को दफा ६२ख. को उपदफा (१) र सोही ऐनको दफा (२) बमोजिमको शुल्क लिई स्वीकृत गर्ने ।

७. खाँदबारी नगरपालिका वडा नं. ३ मा रहेको मानव धर्म सेवा समितिलाई आश्रम निर्माणका लागि रु. ७,००,०००।– (अक्षरेपि सात लाख मात्र ।) कला, संस्कृति, जातजाति, धर्म तथा विभिन्न दीवशीय कार्यक्रम शीर्षकबाट दिने ।

८. शिवशक्ति पिठ चारधारा धार्मिक संस्थालाई रु. २,५०,०००।– (अक्षरेपी दुई लाख पचास हजार मात्र ।) उपमेयर विविध कार्यक्रम शीर्षकबाट आर्थिक सहयोग गर्ने ।

९. लक्ष्मि मिनि मार्केट, खाँदबारी- का लागि रु. ५,००,०००।– (अक्षरेपी पाँच लाख मात्र ।) उपमेयर विविध कार्यक्रम शीर्षकबाट आर्थिक सहयोग गर्ने ।

१०. खाँदबारी नगरपालिका अन्तर्गत नगरक्षेत्र बाहिरबाट प्रवेश गर्ने साना तथा हेभी सवारी साधनहरुलाई सरसफाई शुल्क उठाउने सम्बन्धमा खाँदबारी नगरपालिका नगरसभाको मिति २०८२ असार १० गते निर्णयानुसार स्वीकृत खाँदबारी नगरपालिकाको आर्थिक ऐन, २०८२ अनुसार रु. ११,००,००० अक्षरेपी रु. एघार लाख मात्र न्यूनतम ठेक्का रकम कायम गरी मिति २०८२।०३।१६ गते सिलबन्दी दरभाउपत्र आह्वानको लागि सूचना बमोजिम आवश्यक प्रकृया पुर्याई खाँदबारी नगरपालिका वडा ३ स्थायी वसोवास गर्ने श्री ध्रुव खड्काले १६,२५,०००।- (अक्षरेपी रु. सोह लाख पच्चिस हजार मात्र)

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद बजगाईं
प्रमुख प्रशासकीय अधिकृत

कबोल गरे अनुसारको प्रथम किस्ता बापत कूल रकमको ५०% ले हुन रकम रा.वा.वै. खाँदबारी शाखाको चेक नं. 0096636463 बाट रु. ८,१२,५००।- (अक्षरेपी रु. आठ लाख बाह्र हजार पाँच सय मात्र) यस कार्यालयमा दाखिला भई मिति २०८२ साल साउन २ गते सम्झौता गरी नगरक्षेत्र बाहिरबाट प्रवेश गर्ने साना तथा हेभी सवारी साधनहरुलाई सरसफाई शुल्क उठाउदै गरेता पनि दोस्रो पक्षको ध्रुव खड्का खाँदबारी ३ तर्फबाट मिति २०८२।०६।१२ गतेको जानकारी तथा निकासा सम्वन्धमा निवेदन अनुसार शुल्क लिन पाउने वा नपाउने नपाउने हो भने मेरो सम्पूर्ण क्षतीपूर्तिसहित भरपुर गराईदिनु हुन (जिल्ला प्रशासन कार्यालयको च.नं. ५९१, मिति २०८२।०६।१० गतेको पत्र तथा ITAHARI HD NEWS को Screenshort संलग्नहरु) भनी लिखित निवेदन परेकोले सम्झौता बखत दाखिला भएको रकमलाई प्रमुख आधार मानी निवेदन दर्ता भएको मिति देखि लागू हुनेगरी सरसफाई शुल्क रकम फिर्ता गर्न स्वीकृतिको लागि नगरसभा समक्ष सिफारिस गर्ने।

११. खाँदबारी नगरपालिकाका विद्यमान ऐन, नियम, कार्यविधि र मापदण्ड निर्माण तथा संशोधन गर्नका लागि तपसिल अनुसारको मस्यौदा समिति गठन गर्ने।

तपसिल

| क्र.सं. | कर्मचारीको नाम | पद | |
|---|---|---|---|
| १ | श्री कमलमणि थापा | प्रशासकीय अधिकृत | संयोजक |
| २ | श्री विजय कुमार खड्का | ईन्जिनियर | सदस्य |
| ३ | श्री राजकुमार राई | अधिकृत छैटौं | सदस्य |
| ४ | श्री विमल बानिया | अधिकृत छैटौं | सदस्य |
| ५ | श्री निर्मला चापागाईँ | फिल्ड सहायक | सदस्य |

१२. जिल्ला फुटवल क्लब, सङ्खुवासभालाई उपमेयर विविध कोषबाट रु. ९०,०००।– (अक्षरेपी नब्बे हजार मात्र।) आर्थिक सहयोग गर्ने।

१३. गत आ.ब.२०८१।०८२ मा संचालन भई भुक्तानी हुन बाँकी योजनाहरुको दायीत्व सारी ल्याएको तर कारणबस योजनाको म्याद थप गर्ने कार्य छुटेको हुँदा भुक्तानीको लागी दायीत्व सारी ल्याएको योजनाहरुको मिति २०८२।१०।२९ सम्म म्याद थप गरी भुक्तानी गर्ने।

**तपसिल**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | वडा | दायीत्व रकम | कैफियत |
|---|---|---|---|---|
| १ | तुम्लिङटार खानेपानी सेन्सर मेशिन खरिद | १ | ३,००,००० | उपभोक्ता समिति |
| २ | गुठिटार टोलमा पंचेबाजा व्यावस्थापन | ९ | १,००,००० | उपभोक्ता समिति |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद बजगाईं
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

## नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्या:६७/०८२।०८३
बैठक मिति:२०८२।०८।२१ बिहान ८:०० बजे
स्थान: खाँदबारी नगरपालिकाको सभा हल

| | | | | |
|---|---|---|---|---|
| ३ | वडा नं.-2अन्तर्गत सडक ट्रयाक ओपन कार्य | २ | ७४९५७४ | उपभोक्ता समिति |
| ४ | हरिहर मन्दिर निर्माण | ९ | ३०८६७९ | उपभोक्ता समिति |
| ५ | रातमाटे खेलमैदान निर्माण | ८ | २९९९५८ | उपभोक्ता समिति |
| ६ | वागेश्वरी मावि ढुङ्गेधारा भवन निर्माण | ९ | १९९४२६९ | उपभोक्ता समिति |
| ७ | रेवाहाङ पार्क व्यावस्थापन कार्य | १ | १७१००० | उपभोक्ता समिति |
| ८ | प्रशासनिक भवन नपुग रकम भुक्तानी | १ | ६००००० | ठेक्का |
| ९ | भोटिया महिला आमा समुह सामाग्री व्यावस्थाप | १ | ५०००० | संस्था |
| १० | महरेडाँडा कुलो मर्मत | २ | १०७४९५ | उपभोक्ता समिति |
| ११ | मागको आधारमा खेलकुद सामाग्री व्यावस्थापन | ३ | १००००० | |
| १२ | गुठिटार सडक तथा मन्दिरको डि.पि.आर.निर्माण | | ४९८००० | |
| १३ | खाँदबारी नगरपालिकाको डकुमेन्ट्री निर्माण | | ४९८००० | |
| १४ | नवज्योति क्लव खानपा-१० गोरुजुधाई | १० | २५००० | |
| १५ | सिसि क्यामेरा व्यावस्थापन | | १००००० | |
| १६ | मांसिमा खानेपानी व्यावस्थापन तथा संरक्षण | | ७००००० | |
| | **जम्मा** | | ६६,०१,९७५।- | |

१४. खाँदबारी नगरपालिका वडा नं. ३ मरुवा बसपार्कको जग्गा नगरपालिकाको नाममा रहेको र उक्त बसपार्कमा स्वीमिङ्ग पुल निर्माणका लागि डि.पि.आर. गरी स्विमिङ पुल निर्माणका लागि प्रक्रिया अगाडि बढाउने।

१५. खाँदबारी-कल्छे-डके-धुपु-बाह्रविसे सडक निर्माणका लागि वार्षिक बजेट प्राप्त भएको र उक्त योजनालाई वहुवर्षे योजनाका लागि राष्ट्रिय योजना आयोगमा सिफारिस गर्ने।

१६. खाँदबारी नगरपालिका वडा नं. ३ मा रहेको भेटेरिनरी कार्यालयको भवन जीर्ण रहेको र उक्त भवन मर्मत सम्भार गरी प्रयोगमा ल्याउन सकिने भएकाले प्राविधिक लागत अनुमान स्वीकृत गरी मर्मत सम्भार कोषबाट मर्मत सम्भार गर्ने।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

## नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्या:६७/०८२।०८३
बैठक मितिः२०८२।०८।२१ बिहान ८:०० बजे
स्थानः खाँदबारी नगरपालिकाको सभा हल

१७. खाँदबारी न.पा. वडा नं. ५ मा सिद्देश्वर शिवालय मन्दिर परिसर तथा आसपासका क्षेत्रमा पूर्वाधार निर्माण शीर्षकमा मार्फत रु. २५,००,०००।– (अक्षरेपी पच्चीस लाख मात्र ।) प्राप्त भएको र उक्त योजना सञ्चालन गर्न परिसरमा भएका भौतिक संरचना भत्काउनुपर्ने भएकाले भत्काउनुपर्ने संरचनाहरुको प्राविधिक लागत अनुमान तयार गरी भत्काउने र निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने ।)

१८. खाँदबारी नगरपालिका-७ को सनम गोपाल स्मृति खुल्ला पुरुष फुटबल प्रतियोगिता सञ्चालनार्थ रु.२५०००।– (अक्षरेपी पच्चीस हजार मात्र।) आर्थिक सहयोग गर्ने ।

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद बजगाईं
प्रमुख प्रशासकीय अधिकृत